# स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि.
# Swabalamban Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजतपत्रप्राप्त संस्था (राष्ट्रिय स्तरको)
बालुवाटार, काठमाडौं, नेपाल ।
फोन नं. ४४३४९२१, ४४३४९२२ फ्याक्स नं. ४४४१५२५

## संस्थापक समूहको शेयर बोलपत्रद्वारा बिक्री गर्ने सूचना ।

(प्रकाशित मिति : २०७६।०३।२४ गते)

| शिलबन्दी बोलपत्र पेश गर्नुपर्ने शुरु मिति : २०७६ अषाढ ३१ गते | संस्थापक समूह ३,७७,४५७.५ कित्ता | शिलबन्दी बोलपत्र पेश गर्नुपर्ने अन्तिम मिति : २०७६ श्रावण २९ गते अपरान्ह ३:०० बजेसम्म |
|---|---|---|

यस लघुवित्त वित्तीय संस्थाको संस्थापक शेयरधनी महिला सहकारी संस्था लिमिटेडको रहेको ३,७७,४५७.५ कित्ता शेयर नेपाल राष्ट बैंकबाट इजाजतपत्र प्राप्त "घ" वर्गको लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन–२०७४ को निर्देशन नं.१०.१० बमोजिम बिक्री गर्नुपर्ने भएकोले बिद्यमान संस्थापक शेयरधनी लगायत अन्य इच्छुक व्यक्ति, फर्म कम्पनी तथा संगठित संस्थाहरुलाई न्युनतम मूल्य प्रति शेयर रु.३००/– (अक्षेरुपी तीन सय मात्र) मा उक्त संस्थापक शेयर ३,७७,४५७.५ कित्ता खरीद गर्न **मिति २०७६ आषाढ ३१ गतेदेखि २०७६ श्रावण २९ गते अपरान्ह ३:०० बजेसम्म**मा आईपुग्ने गरी प्रति कित्ता के कति दर रेटमा लिन कबुल गर्ने हो तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ।

**शर्तहरु :**

१. बोलपत्र आवेदन फाराम रु.१००/–(एक सय) नगद भुक्तानी गरी सनूराईज क्यापिटल लिमिटेड, कमलपोखरी, काठमाण्डौंबाट प्राप्त गर्न सकिनेछ।

२. शेयरको न्युनतम मूल्य प्रति शेयर रु.३००/- तोकिएको हुदा सो वा सोभन्दा बढी मूल्य अंकित गरी बोलकबोल गर्नु पर्नेछ। एकै व्यक्ति वा कम्पनीले विभिन्न मूल्यमा शेयर खरीदको लागि भिन्दाभिन्दै शिलबन्दी खाम भित्र आवेदन दिनुपर्नेछ। लगानी व्यवस्थापकले आफ्ना ग्राहकहरुको नामबाट आवेदन गर्दा आफ्नो आधिकारिक पत्र मार्फत तोकिए अनुरुपको सूची बनाई सम्पूर्ण आवेदकहरुको लागि गरिने लगानी रकम लगानी व्यवस्थापकले एउटा चेकमार्फत पेश गर्न सक्नेछ।

३. बोलपत्र आवेदन फाराममा आफूले लिन चाहेको शेयर संख्या तथा प्रति कित्ता दर अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ। केरमेट भएको ठाउँमा दस्तखत गर्नुपर्नेछ। धेरै केरमेट भई कबोल गरेको शेयर संख्या, प्रति कित्ता शेयर मूल्य वा जम्मा रकम नबुझिने भएमा त्यस्तो बोलपत्रलाई मान्यता दिईने छैन। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको व्होरालाई मान्यता दिइनेछ।

४. बोलपत्रदाताले बोलपत्रमा आफ्नो नाम, ठेगाना, हितग्राही खाता नं., आफ्नो खाता रहेको बैंकको नाम र खाता नं., टेलिफोन नम्बर लगायत बोलपत्र आवेदन फाराममा उल्लेखित सम्पूर्ण विवरण स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ।

५. बोलपत्र पेश गर्दा **संस्थापकतर्फ न्यूनतम १०० कित्ता**को लागि आवेदन दिनुपर्नेछ भने अधिकत्तम शेयर संख्याको लागि कुनै हद लाग्ने छैन। तर शेयर खरीद गर्न आवेदन गरेको कुल शेयर जोड्दा नेपाल राष्ट्र बैंकले एउटा व्यक्ति वा संस्थाले खरिद गर्न वा राख्न पाउने भनि तोकेको सीमाको अधिनमा रहने गरी **संस्थापकतर्फ अधिकत्तम ३,७७,४५७.५ कित्ता**का लागि आवेदन दिन सकिने छ। रु.१० लाखसम्मको आवेदन दिनेले स्वेच्छिक रुपमा र रु.१० लाख भन्दा बढी रकमको आवेदन दिनेले अनिवार्य रुपमा आफ्नो प्यान नं. आवेदन फाराममा उल्लेख गर्नुपर्नेछ।

६. संस्थापक शेयर खरिद गर्न चाहनेहरुको हकमा देहाय बमोजिम विवरण एवं कागजात पेश गर्नुपर्नेछ।
   (अ) कालो सूचीमा नरहेको पत्र
   (आ) कर चुक्ता प्रमाणपत्र
   (इ) आयको श्रोतको विवरण
   (ई) स्व : घोषणा विवरणमा निम्न विवरणहरु समेत समावेश गर्नुपर्ने छ।
      १. निजहरु यस वित्तीय संस्थामा बहालवाला कर्मचारी नरहेको, ऋणी नरहेको, बहालवाला लेखापरीक्षक नरहेको, बहालवाला, संचालक नरहेको, सल्लाहकार नरहेको,
      २. यस वित्तीय संस्था सँग कुनै किसिमको ठेक्का पट्टामा हिस्सेदार नरहेको,
      ३. यस वित्तीय संस्था सँग निजी स्वार्थ रहेको व्यक्ति, फर्म, कम्पनी नरहेको,
   उ) संस्थापक समूहको शेयर खरिदका लागि आवेदन दिने अन्य व्यक्तिले बुंदा नं.(ग) मा उल्लेखित विवरणका साथै, ने.रा.बैंकले तोके बमोजिमको Fit & Proper Test को लागि आवश्यक फाराम समेत भरेको हुनु पर्नेछ।
   ऊ) शैक्षिक योग्यताको उच्चत्तम डिग्रीको प्रमाणपत्रको प्रतिलिपि

७. शेयर आवेदन फाराम नेपाली तथा अंग्रेजी भाषामा पूर्ण रुपले भरी बोलपत्रदाताले बोलपत्र आवेदन साथ आफुले खरीद गर्न चाहेको शेयरको जम्मा मूल्यको सम्पूर्ण रकम **सनराईज क्यापिटल लिमिटेड**को नाममा **सनराईज बैंक लिमिटेड, कमलपोखरी, काठमाण्डौ मा रहेको खाता नं.०६९०३७१११४७०१००३** (SRCL Swabalamban Tender) मा धरौटी बापत जम्मा गरेको सक्कल नगद भौचर संलग्न गर्नुपर्नेछ।

८. चेकको मार्फत आवेदन गर्न "सनराईज क्यापिटल लिमिटेड" को नाममा जारी गरिएको नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाको Good For Payment गरिएको चेक संलग्न गर्नुपर्नेछ। सो नभएको चेकलाई मान्यता दिईने छैन। साथै Good For Payment गर्दा लाग्ने शुल्क तथा चेक Clearing मा लाग्ने शुल्क आवेदक स्वयंले नै व्यहोर्नुपर्नेछ।

९. Swift Transfer/IPS को माध्यमबाट रकम जम्मा गर्न चाहने व्यक्ति वा संस्थाले Swift Transfer/IPS आदेशको कपी र खातामा रकम जम्मा भएको कपी संलग्न राखी आवेदन दिन सक्नेछन्। यसरी जम्मा भएको रकम बोलपत्र पेश गर्ने अन्तिम दिनसम्ममा तोकिएको खातामा जम्मा भईसकेको हुनुपर्नेछ।

१०. बोलपत्रदाता संगठित संस्था/फर्म/कम्पनी भएमा कम्पनी दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र तथा शेयर खरीद गर्ने सम्बन्धमा सञ्चालक समितिको निर्णय तथा अख्तियारनामाको प्रतिलिपि संलग्न गर्नुपर्नेछ।

११. शिलबन्दी खाम बाहिर आवेदनकर्ताले "**स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेडको संस्थापक शेयर खरीद आवेदन**" उल्लेख गरेको हुनु पर्नेछ।

१२. बोलपत्र आवेदन मिति २०७६ श्रावण २९ गते अपरान्ह ३:०० बजेभित्र यस निष्काशनका लागि तोकिएको संकलन केन्द्रमा दर्ता भईसक्नु पर्नेछ। कुनै शर्त राखी पेश गरेको वा रित नपुगेको वा म्याद नाघी आएको बोलपत्रलाई मान्यता दिईने छैन।

१३. बोलपत्र दाखिला गरिसकेपछि बोलपत्रमा कबोल गरेको शेयर संख्या वा रकममा कुनै हेरफेर गर्न वा बोलपत्र फिर्ता लिन सकिने छैन।

१४. प्राप्त शिलबन्दी बोलपत्रहरु तोकिएका संकलन केन्द्रहरुबाट निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा प्राप्त भए पश्चात सार्वजनिक सूचना प्रकाशित गरी बोलपत्र खोलिने मिति, समय र स्थानको बारेमा जानकारी गराईने छ।

१५. काबु बाहिरको परिस्थिति पर्न गई उपत्यका बाहिरका संकलन केन्द्रहरुबाट संकलित आवेदनहरु कुरियर मार्फत पठाउनु पर्ने भएकोले निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा समयमा बोलपत्र प्राप्त हुन नसकेमा सो व्होरा नियामक निकायलाई जानकारी गराई निर्देशन बमोजिम गरिनेछ। साथै, काबु बाहिरको परिस्थिति पर्न गई कुनै संकलन केन्द्रबाट बोलपत्र फाराम पठाउन नसकिने भएमा/ कुरियर मार्फत पठाइएको आवेदन फराम प्राप्त नभएमा वा नष्ट भएमा नियामक निकायको राय लिएर मात्र लिलाम बढाबढको प्रक्रिया अगाडी बढाईने छ।

१६. प्राप्त बोलपत्रहरुको छानविन गरी रितपूर्वक प्राप्त बोलपत्रहरु मध्ये सबैभन्दा बढी बोलकबोल गर्ने आवेदकहरुलाई शेयर बाँडफाँड गरिनेछ। यसबाट पनि शेयर बाँकी रहेमा त्यसपछिको बढी रकम कबोल गर्नेलाई क्रमश : बाँडफाँड गरिनेछ। बोलकबोलमा शेयर बिक्री गर्दै जाँदा एउटै मूल्यमा दुई वा दुई भन्दा बढी बोलबोलपत्र आवेदनहरु पर्न गई बाँडफाँड हुन बाँकी शेयर भन्दा बढीको माग भएमा माग गरेको शेयरको आधारमा समानुपातिक रुपमा शेयर बाँडफाँड गरिनेछ। तर यसरी शेयर बाँडफाँड गर्दा संस्थापक र सर्वसाधारणको बोलकबोल दर एउटै पर्न आएमा संस्थापक समूहलाई प्राथमिकता दिईने छ।

१७. बोलपत्र आवेदनहरुमध्ये बाँडफाँडमा नपरेको शेयर वापत जम्मा भएको रकम धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा तोकिएको समयावधिमा IPS मार्फत आवेदकहरुको बैंक खातामा सोझै फिर्ता भुक्तानी गर्ने व्यवस्था गरिनेछ। साथै, यस्तो फिर्ता गरिने रकममा कुनै व्याज प्रदान गरिने छैन। IPS मा लाग्ने शुल्क आवेदक आफैले ब्यहोर्नु पर्नेछ।

१८. यस सूचना बमोजिम निष्काशन गरिएको शेयरका लागि लिलाम बढाबढ गर्दा सबै शेयर खरीदका लागि दरखास्त नपरे पनि निवेदन परेको शेयर सम्बन्धित निवेदनलाई बाँडफाँड गरी बाँकी रहेको शेयर पुन : लिलाम बढाबढ गरी बिक्री गरिनेछ।

१९. शेयर बिक्री गर्ने वा नगर्ने वा आवेदनमा माग गरेको भन्दा कम शेयर बाँडफाँड गर्ने तथा बोलपत्र आवेदन तथा शेयर बाँडफाँड सम्बन्धी कुनै विवाद उत्पन्न भएमा सो को अन्तिम निर्णय गर्ने अधिकार महिला सहकारी संस्था लिमिटेडको संचालक समितिमा रहनेछ।

**बिक्री प्रबन्धक:**

सन्राइज क्यापिटल लिमिटेड
SUNRISE CAPITAL LTD.
(सनराइज बैंक लिमिटेडको सहायक कम्पनी)
पो.ब.नं. १२०५५, कमलपोखरी, काठमाडौं
फोन नं.: ४४२८६६०, फ्याक्स: ४४२८६८८
Email: info@sunrisecapital.com.np
Web: www.sunrisecapital.com.np